# गण्डकी प्रदेश सभा
# अर्थ तथा विकास समिति
## <u>पत्रकार भेटघाट कार्यक्रमको लागि तयार गरिएको संक्षिप्त विवरण</u>

गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १५६ बमोजिम मिति २०८० साउन ३० गते गठन भएको अर्थ तथा विकास समिति गण्डकी प्रदेश सभामा रहेका विषयगत समितिहरु मध्ये एक समिति हो । नियमावलीले व्यवस्था गरे अनुसार यस समितिको कार्यक्षेत्र आर्थिक मामिला, भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्बन्धित विषयहरु रहेका छन् । समितिले यिनै विषयहरुसँग सम्बन्धित विधेयक उपर दफावार छलफल गरी सभामा सो सम्बन्धी प्रतिवेदन पेस गर्ने, विधेयकको दफावार छलफल गर्ने क्रममा सोसँग सम्बन्धित सरोकारवाला र विषय विज्ञहरुसँग छलफल, अन्तर्क्रिया गरी राय सुझाव संकलन गर्ने, राजश्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने, मन्त्रिपरिषद्का सदस्यहरुले सरकारको तर्फबाट सभामा समय-समयमा दिएका सरकारी आश्वासनको कार्यान्वयन तथा कानून कार्यान्वयनको अवस्था सम्बन्धमा अध्ययन र प्रत्यायोजित व्यवस्था अन्तर्गत बनाइएका कानूनहरुको मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने गर्दछ।

यसका अलावा समितिले कार्यक्षेत्र भित्रका मन्त्रालय वा अन्तरगतका निकायबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्याङ्कन गर्ने, जन सरोकारका समितिको कार्यक्षेत्र भित्र परेका, सार्वजनिक सञ्चार माध्यम र सामाजिक सञ्जालमा प्रकाशित र प्रसारित भएका तथा सरोकारवाला व्यक्ति वा संस्था, हित समूह आदिबाट प्राप्त उजुरी, निवेदन तथा गुनासाहरु लगायतका विषयमा छलफल गरि आवश्यक निर्देशन दिने समेत गर्दछ।

आफ्नो कार्यक्षेत्र भित्रका कार्यहरु सम्पादन गर्ने क्रममा समितिले हालसम्म १५ वटा बैठक बसी विभिन्न निर्णय, निर्देशन तथा सुझाव दिएको छ । ती मध्ये केही निर्णय तथा निर्देशनहरु निम्नानुसार रहेका छन् ।

- गण्डकी प्रदेश भित्रको वनलाई नियमन र व्यवस्थापन गर्न बनेको विधेयक माथि समितिमा दफावार छलफल गरी विज्ञ सरोकारवालाहरुको सुझाव समेत समेटी विधेयकमा केही महत्वपूर्ण संशोधन सहित समितिबाट सर्वसम्मत रुपमा पारित गरिएको ।
- चाड पर्वको समयमा बजारमा हुने दैनिक उपभोग्य सामानको अस्वभाविक मूल्य वृद्धि, कृत्रिम अभाव सिर्जना, कालोबजारी, कार्टेलिङ्ग लगायतका क्रियाकलाप नियन्त्रण गरी उपभोक्ता हित प्रवर्धन गर्ने तथा सो सम्बन्धको आम जनगुनासोको विषयमा सरोकारवालाहरू समेतको उपस्थितिमा छलफल गरी देहाय अनुसार गर्ने निर्णय गरिएको ।

  "दैनिक प्रयोग हुने अत्यावश्यक वस्तुहरू नुन, चिनी, चामल, दाल, तरकारी, तेल, दुध, पानी, औषधि लगायतका उपभोग्य वस्तुहरूमा दशैं, तिहार, छठ लगायतका पर्वहरूलाई लक्षित गरी हुने कालोबजारी, मूल्यवृद्धि, मिसावट, कृत्रिम अभाव, कार्टेलिङ्ग, सिन्डिकेट, गुणस्तर लगायतका अनियमित गतिविधि रोक्न बजार अनुगमनका लागि पर्याप्त मात्रामा जनशक्ति र श्रोत साधनको व्यवस्था गरी अनुगमन कार्यलाई प्रभावकारी बनाउन गण्डकी प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने।"

- चाड पर्वको समयमा हुन सक्ने दुर्घटना न्यूनिकरण, जेष्ठ नागरिक, महिला, अशक्तलाई आरक्षित सिटको व्यवस्था, तोकिएको भाडादरको पालना, सवारी सुरक्षा लगायत सडक र सवारी व्यवस्थापन तथा सो सम्बन्धको आम जनगुनासोको विषयमा सरोकारवालाहरू समेतको उपस्थितिमा छलफल गरी देहाय अनुसार गर्ने निर्णय गरिएको।

"चाडपर्वको समयमा बढी दुर्घटना हुने परिस्थितिलाई न्यूनिकरण गर्न लामो दुरीका सवारी साधनमा २ जना सवारी चालक नराख्ने, क्षमता भन्दा बढी यात्रु बोक्ने, जेष्ठ नागरिक, महिला अपाङ्ग/अशक्तलाई सिट आरक्षित गर्ने व्यवस्था अनिवार्य रूपमा लागु नगर्ने, टिकटको कृत्रिम अभाव सिर्जना गर्ने, विचौलिया र सिन्डिकेट गर्ने, निश्चित भाडा लिई सो गन्तव्यसम्म यात्रुलाई नपु-याउने लगायतका कानून विपरितका कार्य गर्ने यातायात व्यवसायी वा व्यक्तिको अनुगमन गरी कारवाही गर्न र आकस्मिक रूपमा अवरूद्ध हुने सवारी आवागमन तत्काल खुलाई विना अवरोध सवारी सञ्चालनको व्यवस्था मिलाउन तथा जोखिमयुक्त सडक क्षेत्र पहिचान गरी त्यस्तो क्षेत्रमा मर्मत सम्भार र सुरक्षा व्यवस्था लगायतका विषयमा विशेष सावधानी अपनाउन भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयलाई निर्देशन दिने।"

- नगर क्षेत्र भित्र चल्ने ट्याक्सी मिटर सिष्टममा चल्न नमान्ने र बढी भाडा असुल्ने गरेको जनगुनासोका सम्बन्धमा नियमित अनुगमन गरी मिटर सिष्टममा तोकिएको भाडादर मात्र लिनेगरी ट्याक्सी सञ्चालन हुने व्यवस्था मिलाउन भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयलाई निर्देशन दिइएको ।
- पोखरा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थल भित्र लिइने चर्को पार्किङ शुल्कलाई वैज्ञानिक र व्यवहारिक बनाउन सङ्घीय सरकारसँग आवश्यक पहल गर्न भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयलाई निर्देशन दिइएको।
- पोखरा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थल देखि हाइवे सम्म आवतजावतमा नागरिकको सहजताका लागि निशुल्क सटल बस सेवा सञ्चालनको सम्भाव्यता अध्ययन गर्न भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयलाई निर्देशन दिइएको।
- आर्थिक वर्षको अन्तिममा मात्र पुँजीगत खर्च बढि हुने प्रवृत्तिमा सुधार गर्न सम्भाव्यता अध्ययन नभएका पूर्वाधारका आयोजनामा बजेट विनियोजन नगर्ने, स्थानीय तहले सिफारिस गर्ने आयोजनाहरु स्थानीय तहको कार्यपालिकाले नियमानुसार सिफारिस गरेमा मात्रै बजेट विनियोजन गर्ने, आवधिक योजना र

वार्षिक नीति तथा कार्यक्रमको प्राथमिकताका कार्यक्रममा मात्रै प्राथमिकताका आधारमा बजेट विनियोजन गर्ने, सम्पूर्ण खरिद सम्झौता पूर्वका प्रक्रिया प्रत्येक आर्थिक वर्षको असोज मसान्त भित्र नै पुरा गरी सूचना प्रकाशन गरिसक्ने गरी वार्षिक खरिद योजना बनाई सो को कडाईका साथ लागु गर्ने, विशेष अवस्थामा बाहेक दुई वर्ष अवधि नपुगी कार्यालय प्रमुखको सरुवा नगर्ने, कार्यालय प्रमुखलाई समयमै खर्च अख्तियारी प्रदान गर्ने लगायतका व्यवस्था मिलाई खर्च गर्ने प्रवृत्तिलाई पहिलो चौमासिकमा पच्चिस प्रतिशत, दोस्रो चौमासिकमा पैंतिस प्रतिशत र तेस्रो चौमासिकमा चालिस प्रतिशतको हाराहारीमा खर्च हुने अवस्थामा पुऱ्याउन **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला मन्त्रालय र भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयलाई** निर्देशन दिइएको ।

- प्रदेश सरकार र स्थानीय तह बीचको समन्वय र सहकार्य प्रभावकारी बनाउन "सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४ को उपदफा (२) अनुसार प्रदेश समन्वय परिषद्को सचिवालय स्थापना गर्ने । उक्त सचिवालयलाई विभिन्न तहहरुको गुनासो, विवाद तथा उजुरी दर्ता गर्ने, समन्वय परिषद्को बैठकमा छलफल गर्नुपर्ने विषयवस्तुको अध्ययन अनुसन्धान, विषयवस्तुको औचित्यता र वस्तुनिष्ठता आदि विषयको परामर्श दिने, परिषद्ले मार्गदर्शन गरेका विषयहरुको कार्यान्वयन गर्ने गराउने र सो को अनुगमन मूल्याङ्कन गरी परिषद्लाई पृष्ठपोषण दिने, तथ्य तथ्याङ्क तथा अभिलेख राख्ने, राय सुझाव र गुनासो सङ्कलन गर्ने, विज्ञहरुको रोष्टर तयार गरी आवश्यकता अनुसार विज्ञलाई आमन्त्रण गरी छलफल गर्ने, परिषद्को बैठक व्यवस्थापन गर्ने लगायतका जिम्मेवारी दिई यी जिम्मेवारी कार्यान्वयन गर्न आवश्यक पर्ने अधिकार विनियोजन, जनशक्ति व्यवस्थापन, स्रोत साधनको व्यवस्थापन तथा संगठन संरचना निर्माण गरी अर्थपूर्ण समन्वय र सहकार्यको आधार तयार गर्ने ।"

- आर्थिक मामिला मन्त्रालय र भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको प्रशासनिक गतिविधिलाई वस्तुनिष्ठ, पारदर्शी र जवाफदेही बनाउन तथा मन्त्रालयको कार्यसम्पादनमा भइरहेको ढिलासुस्ती सम्बन्धीको गुनासो सम्बोधन गर्न मन्त्रालयले महाशाखा, शाखाको स्पष्ट कार्यविभाजन, कार्यसम्पादनका लागि लाग्ने समय (Time Card) लागु गर्न सक्ने गरी), कार्यसम्पादनको प्रक्रिया, कार्य सम्पादनका लागि आवश्यक पर्ने प्रमाण कागजात समेत उल्लेख गरिएको मन्त्रालयको कार्यसम्पादन प्रक्रियाको कार्यविधि दुवै मन्त्रालयले तत्काल बनाई लागु गर्ने ।उक्त कार्यविधि सेवाग्राही/नागरिकको पहुँचमा रहनेगरी प्रकाशन गर्ने र सो को जानकारी समितिलाई गराउने । साथै, कार्यविधि अनुसारको कार्यसम्पादन तथा सेवा प्रवाहलाई सहजता प्रदान गर्न र तोकिएको समयमै कार्य सम्पन्न हुने सुनिश्चितता प्रदान गर्न मन्त्री, सचिव, महाशाखा तथा शाखा लगायत सबै कर्मचारीलाई समय सारिणी (Time Card) लागु गर्ने र सो को आधारमा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्ने व्यवस्था **मिलाउन आर्थिक मामिला मन्त्रालय र भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयलाई** निर्देशन दिइएको ।
- चालु भइरहेका काम वा क्रमागत आयोजनामा नियमित र पर्याप्त बजेट व्यवस्थापन नहुँदा आयोजना अधुरो भई आयोजनाबाट अपेक्षित उपलब्धी तोकिएको समयमा प्राप्त हुन नसकेको तथा आयोजना नै अलपत्र हुने अवस्था रहेकोले आगामी आर्थिक वर्षको बजेट विनियोजन गर्दा सबै क्रमागत आयोजनामा रकम विनियोजन गरेर मात्रै नयाँ आयोजनामा बजेट विनियोजन गर्ने व्यवस्था गर्न **भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय र आर्थिक मामिला मन्त्रालयलाई** निर्देशन दिइएको ।
- यस आर्थिक वर्षको हालसम्मको पुँजीगत खर्च अत्यन्त न्यून देखिएकोले पुँजीगत खर्चको वृद्धि लगायत समष्टिगत आर्थिक संसाधनको प्रभावकारी परिचालन गरी आर्थिक प्रणालीलाई गतिशिल र विकास प्रक्रियालाई द्रुततर बनाउन आवश्यक

सुधार गर्नुपर्ने विषयहरु समेटी १५ दिन भित्र वस्तुनिष्ठ र कार्यान्वयनयोग्य कार्ययोजना आर्थिक मामिला मन्त्रालयले तयार गरी लागु गर्ने र सो को जानकारी समितिलाई गराउने । कार्ययोजना तयार गर्दा आर्थिक मामिला मन्त्रालयले नेतृत्वदायी भूमिकामा रही सबै मन्त्रालय तथा निकायसँग समन्वय गरी नीतिगत, संरचनागत, प्राविधिक, प्रशासनिक तथा व्यवहारगत लगायतका सुधारका विषयहरु समावेश गर्न **आर्थिक मामिला मन्त्रालयलाई** निर्देशन दिइएको ।

- प्रदेश सरकारको आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम तथा बजेटमा एकरुपता तथा सामञ्जस्यता कायम गरी विनियोजन दक्षता अभिवृद्धि गर्न, विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता प्रत्येक आर्थिक वर्षको चैत्र १५ गते भित्र प्रदेश सभामा पेस गर्ने तथा मध्यमकालिन खर्च संरचना (MTEF), आर्थिक सर्वेक्षण, नीति तथा कार्यक्रम, बजेट, विनियोजन विधेयक र आर्थिक विधेयक पेश गर्ने समय सभाको छलफलबाट प्राप्त पृष्ठपोषण कार्यान्वयन गरी, कार्यक्रम र स्रोत विनियोजन गर्न सकिने समय रहनेगरी बजेट क्यालेण्डर पुनरावलोकन गर्न आर्थिक मामिला मन्त्रालयलाई निर्देशन दिने । बजेट क्यालेण्डर परिमार्जन गर्न प्रचलित प्रदेश कानून संशोधन गर्नुपर्ने भएमा सो समेतको नियमानुसार आवश्यक व्यवस्थापन गर्न **आर्थिक मामिला मन्त्रालय**लाई निर्देशन दिइएको ।
- राजस्वको दायरा बढाउन देहाय अनुसार गर्न तपसिलका मन्त्रालयलाई देहाय बमोजिमको निर्देशन दिनेः,

**<u>आर्थिक मामिला मन्त्रालयः</u>**

क. कर, शुल्क तथा जरिवाना सहज र सरल तरिकाबाट तिर्ने वातावरण निर्माण गर्न एकिकृत कर प्रणाली निर्माण गरी लागु गर्ने।

ख. सबै किसिमका राजस्व भुक्तानीलाई डिजिटलाइज्ड गर्ने।

ग. प्रदेश समन्वय परिषद् मार्फत समन्वय गरी दहत्तर बहत्तर वापत प्रदेशले पाउनुपर्ने करको हिस्सा असुलीको वातावरण निर्माण गर्ने।

घ. सङ्घ सरकार सँग समन्वय गरी ट्राफिकबाट उठाइने सवारी जरिवाना प्रदेश सञ्चित कोषमा जम्मा गर्ने व्यवस्था मिलाउने।

ङ. नेपालले कार्बन उत्सर्जन न्यूनिकरणबाट प्राप्त गर्ने लाभको गण्डकी प्रदेशले पाउनुपर्ने हिस्सा प्राप्त गर्न सङ्घ सरकारसँग अनुरोध गर्ने ।

**<u>भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयः</u>**

च. गण्डकी प्रदेश भित्र सञ्चालन भएका तीन पाङ्ग्रे सार्वजनिक सवारी अटोरिक्सा मध्ये अधिकाँश अन्य प्रदेशमा दर्ता भई गण्डकी प्रदेश भित्रका स्थानीय तहबाट बाटो इजाजत प्राप्त गरी वा विना बाटो इजाजत समेत सञ्चालनमा रहेको जनगुनासो सम्बोधन गर्न गण्डकी प्रदेश भित्र मात्रै बाटो इजाजत प्राप्त गरी चल्ने तीन पाङ्ग्रे अटो रिक्सा गण्डकी प्रदेशका यातायात कार्यालयमा नै दर्ता गर्ने व्यवस्था मिलाउने । गण्डकी प्रदेशका कार्यालयमा तीन पाङ्ग्रे अटो रिक्सा दर्ता गर्न प्रचलित प्रदेश कानून संशोधन गर्नुपर्ने भएमा सो को समेत नियमानुसार व्यवस्थापन गर्ने ।

छ. प्रदेश भित्र सञ्चालित सवारी मर्मत वर्कसप दर्ता तथा नविकरण प्रक्रिया र मापदण्डलाई सरलीकरण गरी गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ अनुसार वर्कसप अनिवार्य दर्ता गर्नुपर्ने व्यवस्थालाई यथाशिघ्र कार्यान्वयन गर्ने ।

**<u>उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयः</u>**

ज. गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता ऐन, २०७७ को व्यवस्था बमोजिम प्राइभेट फर्म नविकरणमा ऐन जारी भएको शुरुको २ वर्ष भित्र नविकरण हुन नसकेका प्राइभेट फर्मलाई सो समय सीमा पछि जरिवाना सहित नविकरणको व्यवस्था नहुँदा ठूलो संख्यामा प्राइभेट फर्म नविकरण हुन नसकेकोले सोबाट प्राप्त हुनसक्ने राजस्व समेत गुमेको अवस्था छ । यस्ता फर्मलाई नियमानुसार लाग्ने शुल्क तथा जरिवाना समेत लिई

नविकरण गरी नियमित गर्न उपयुक्त हुने भएकाले सो को आवश्यक व्यवस्थापन गर्ने।

झ. **<u>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सुझावः</u>**

- मन्त्रालय पिच्छे नै जिल्लामा कार्यालय स्थापना गर्दा प्रशासनिक खर्चमा दोहोरोपना भएको, सेवाग्राहीलाई असहज भएको तथा जटिल निर्णय गर्दा केन्द्रीय निकायमा नै भर पर्नुपर्ने भएकोले सहसचिवस्तरको कर्मचारी दरबन्दीले नेतृत्व गर्ने गरी जिल्ला स्थित कार्यालयलाई एकिकृत कार्यालयको रुपमा स्थापना गरी विषयगत महाशाखा बनाउन उपयुक्त हुने।
- प्रदेश कानून अनुसार स्थापित संस्थाहरु जस्तै विश्वविद्यालय, प्रतिष्ठान, आयोग तथा निकायहरुको कार्य प्रगति र उपलब्धी मापन गरी औचित्यको आधारमा मात्रै निरन्तरता दिन उपयुक्त हुने।

यसरी सरकारको काम कारबाहीलाई प्रभावकारी बनाई सरकारलाई सही मार्गमा हिडाउन समितिले आवश्यकता अनुसार नियमित निगरानी, अनुगमन र मुल्याङ्कन गर्दै सुशासन कायम गराउने भूमिका निभाउँदै आएको छ । समिति भविष्यमा पनि अझ प्रभावकारी ढङ्गले सरकारको काम कारबाहीको सुक्ष्म अध्ययन गरी सरकारलाई जनताप्रति उत्तरदायी बनाउन क्रियाशिल रहनेछ।

सरकारले समितिमा दिएका आश्वासन प्रति सरकार संवेदनशिल भएमा, समितिले दिएका निर्देशन कार्यान्वयन गरेमा, क्यालेण्डर बनाई समितिको काम कारबाहीलाई व्यवस्थित गर्न सकिएमा तथा समितिलाई पर्याप्त स्रोत साधनको व्यवस्था भएमा समिति प्रभावकारी भई प्रदेश सभाप्रति जनताको विश्वास अभिवृद्धि हुनेछ।

मितिः २०८० माघ १२ गते, शुक्रबार

भोजराज अर्याल
सभापति
अर्थ तथा विकास समिति